# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## गभर्नर डा. नेपालसँग IFC प्रतिनिधि मण्डलको शिष्टाचार भेट

गभर्नर डा. चिरंजीबि नेपालसँग दक्षिण एशियाली क्षेत्रका निर्देशक Mengistu Alemayehu को नेतृत्वमा आएको अन्तर्राष्ट्रिय वित्त निगम (IFC) को प्रतिनिधि मण्डलले शिष्टाचार भेट गर्‍यो ।



भेटवार्ताको क्रममा निर्देशक Alemayehu ले नेपालमा संचालित IFC को लगानी रहेका परियोजनाहरुको बारेमा चर्चा गर्दै नेपालमा लगानीको वातावरण र साना तथा मझौला उद्यमका लागि वित्तीय पहुँचका विषयमा जिज्ञासा राख्नु भएको थियो ।

गभर्नर डा. नेपालले राजनैतिक स्थिरता हासिल हुन लागेको हुनाले निकट भविष्यमा लगानीको वातावरणमा सकारात्मक परिवर्तन आउने जानकारी दिँदै राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले कार्य अघि बढाएपछि थप पुँजीको खाँचो पर्ने बताउनु भयो । वित्तीय स्थायित्व र लगानीयोग्य पुँजी निर्माणका लागि चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थालाई चुक्ता पुँजी वृद्धि गर्न निर्देशन दिइएको जानकारी दिनुहुँदै गभर्नर डा. नेपालले हालसम्मको मुनाफाको स्तर र भविष्यको लगानीको वातावरणलाई दृष्टिगत गर्दा सो निर्देशन उपयुक्त रहेको धारणा राख्नुभयो ।

साना तथा मझौला उद्योगलाई वित्तीय सेवामा पहुँच पुर्‍याउन हाल बैंक तथा वित्तीय संस्थाका शाखा नरहेका स्थानमा बैंक तथा वित्तीय संस्थाले शाखा खोल्न पूर्वस्वीकृति नचाहिने व्यवस्था गरिएको र बैंकले अवलम्बन गरेको पुनरकर्जा नीतिबाट पनि सो क्षेत्र लाभान्वित हुनसक्ने अवस्था रहेको जानकारी गभर्नर डा. नेपालले दिनुभएको थियो ।

नेपालमा लगानी मैत्री वातावरणको विकास गरी निजी क्षेत्रको लगानी विस्तार गर्ने विषयमा केन्द्रित सो भेटवार्तामा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक तथा प्रवक्ता त्रिलोचन पंगेनी र अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाको समेत उपस्थिति थियो ।

२०७२ भाद्र ४ गते शुक्रबार

गभर्नरको कार्यालय